समुन्नत पोखराको आधार : सबल अर्थतन्त्र र पूर्वाधार

# पाँच दलीय गठबन्धनको

# पोखरा महानगरपालिका

## संयुक्त निर्वाचन घोषणा पत्र २०७९

**आदारणीय महानगरवासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाईहरु,**
नयाँवर्ष २०७९ को हार्दिक मङ्लमय शुभकामना सहित समुन्नत पोखरा महानगरको सपना र योजना बोकेर हामी स्नेह, आशीर्वाद र अमूल्य मतको अपेक्षा सहित यही वैशाख ३० गते हुन गईरहेको स्थानीय तहको निर्वाचनमा पोखरा महानगरपालिकाका पाँच दलिय गठवन्धनका साझा उम्मेदवारहरुका साथ तपाँईहरुको घरदैलोमा उभिएका छौं ।

शान्ति, विकास र समुन्नतिको आधार स्थानीय तहबाटै सुदृढ गराउनको लागि आवधिक निर्वाचन आधारभूत स्तम्भ हो । लोकतन्त्रको सङ्घर्षशील यात्राका विभिन्न कालखण्डमा सहयात्री भएका दलहरु, ऐतिहासिक जनआन्दोलन, नेपालको शान्ति प्रक्रिया, संविधान सभा निर्वाचन, गणतन्त्र स्थापनामा हातेमालो गरेका दलहरुको युगान्तकारी र समन्वयात्मक भूमिका रहेको स्मरण गराउन चाहन्छौं । गैह्र संवैधानिक रुपमा दुई पटकसम्म विघटन गरिएको संसद पूर्नस्थापना सँगै प्रतिगमनका विरुद्धमा लागेका दलहरुले संविधानको रक्षा र कार्यान्वयन तथा त्यसकै जगमा मुलुकलाई समुन्नतितर्फ डोऱ्याउनुनै आजको मुख्य राष्ट्रिय जिम्मेवारी सहित पुनः नेपाली राजनीतिमा देखिएका ज्वलन्त मुद्दाहरुको सम्बोधन गर्नको लागि हामी यो गठबन्धनमा छौं ।हामी लोकतन्त्रवादीहरु  समाजबादको यात्रामा  हातेमालो गरेरै संविधान बनायौं । यसको सफल कार्यान्वयन र तार्किक निष्कर्षमा पुऱ्याउनका लागि गठबन्धनको आवश्यकता महसुस गरी साझा उम्मेदवार सहित यहाँहरुको वीचमा आएका छौं ।
हामीलाई समृद्धिको सपना देखाउँदै,  पाँच वर्ष खेर फाल्दै झुक्याउने काम गरियो । पटक पटक संसद विघटन गर्ने नाममा, दम्भ र अंहकारी ओलीतन्त्रले स्थानीय तहदेखि केन्द्रसम्म रजगज गऱ्यो । जनताको अपेक्षाको सुशासन गाऊँमा पस्न सकेन बरु  भष्ट्राचार को दुलोबाट छिरेका मुसाहरुनै पछि आफूलाई सिहं हुँ भनी गर्जन थाले, बेथितिले जरा गाड्दै जाँदा पोखरा महानगरपालिकामा नेतृत्वले बिजुलीका तारहरु व्यवस्थित गर्ने, प्रमुख चोकहरुमा ट्राफिक लाइटको व्यवस्था गर्ने, सार्वजनिक शौचालय बनाउने, वर्षौ देखि समस्याको रुपमा रहेको बसपार्क बनाउने, पार्किङ्गको ब्यवस्था गर्ने, फोहोर र ढलको ब्यवस्था गर्ने, पर्यटन पूर्वाधार मा कार्य गर्ने, भष्ट्राचार नियन्त्रण गर्ने जस्ता योजनामा सिन्को भाँचेन ।  वर्तमान महानगरको नेतृत्व र  रवैयाको विकल्प निर्वाचन मार्फत दिनु पर्ने हुँदा पोखरा महानगरपालिकाको समग्र विकास र समुन्नतिका लागि स्थानिय आवश्यकतालाई प्राथमिकतामा राख्दै ७ वटा प्रस्थान विन्दु तय गरेका छौ । यसका लागि क्षेत्रगत योजना, प्राथमीकता र प्रतिबद्धताका ७ वटा प्रतिबद्धता कार्यान्वयनका आधार र कार्ययोजना सहित हामी प्रस्तुत भएका छौं ।

## पृष्ठभूमिमा पोखरा महानगरपालिका

पोखरा क्षेत्रफलको हिसावले नेपालकै सबै भन्दा ठूलो महानगरमा ४,५८,००० जनासंख्या रहेको मा २०८४९१ मतदाता रहेको अवस्था छ। १५३५ कि.मि. सडक मध्ये ६३४ कि.मि.मात्र कालोपत्रे भएको छ। संसारकै उत्कृष्ठ सहरमा पर्ने पोखरामा पुरुष साक्षर संख्या ९९.४७ र महिला साक्षर संख्या ९७.४० प्रतिशत रहेको पाइन्छ। गरिबिको रेखा मुनि ९ प्रतिशत, मध्यम वर्ग ६२ प्रतिशत, उच्च वर्ग २९ प्रतिशत रहेको पोखरामा ९२ प्रतिशत व्यक्ति खानेपानीको पहुँच भित्र पर्दछन् भने विद्युतमा ९८ प्रतिशत, मोवाइल प्रयोग कर्ता ८४ प्रतिशत, इन्टरनेट प्रयोगकर्ता ३८ प्रतिशत र आफ्नै घर भएका परिवार संख्या ६२ प्रतिशत रहेको महानगरमा मुख्य शहरी भुभाग ६० प्रतिशत, ग्रामिण र सहर उन्मुख भुभाग ४० प्रतिशत रहेको छ। जनसङ्खिक लाभ वितरणको दृष्ट्रिकोणले हेर्दा सक्रिय जनसंख्या (१५-४९ वर्ष) ३३ प्रतिशत रहेको सभ्य, खुशी र सहयोगी मन भएका विभिन्न जातजाति, धर्म, परम्परा संस्कृति बोकेको प्राकृत पोखराले आर्थिक रुपमा समुन्नत र सबल पूर्वाधारको सम्भावना बोकेको छ।

महानगरमा पाँच दलीय गठबन्धनको सरकार बनिरहँदा ७ वटा **समुन्नत पोखरा**का प्रस्थान विन्दुहरु तय गरिएको छ। निम्न उल्लेखित मूल्य र मान्यतामा आधारित रहेर गठबन्धनबाट निर्वाचित जनप्रतिनिधिहरुले सेवा प्रदान गर्ने संङ्कल्प लिएका छौं।

## पोखरा महानगरमा पाँच दलीय गठबन्धन सरकारः विकास हामी सवैको अधिकार

विकास र समृद्धिका सरोकारवालाहरु भनेकै महानगरवासी भएका र विकासको प्रतिफल पाउने अधिकार हुँदा महानगरवासीहरुलाई विकासका क्रियाकलापको अपनत्व लिने किसिमले निर्वाचित जनप्रतिनिधिहरुले कार्य गर्नेछन्।

### शिक्षित, सभ्य तथा मर्यादित महानगरवासी

पाँच दलीय गठबन्धनको सरकारले सार्वजनिक शिक्षा निःशुल्क गरिरहँदा महानगरवासी हरु शिक्षित, सभ्य समाजका सदस्य तथा आफ्नो अधिकार र मर्यादाप्रति सचेत रहनेछन्।

### सुरक्षित र न्यायपूर्ण समाज

दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजहरूको प्रबर्द्धन गर्ने, सबैका लागि न्यायमा पहुँच,लैङ्गिक समानता हाँसिल गर्ने, सबै जातजाति, धर्म संस्कृत,

उत्पीडित र पिछाडिएको वर्ग महिला, किशोरी र बालबालिकाहरूको सुरक्षा र सशक्तीकरण भई समतामूलक समाजको निर्माण हुने छ ।

### स्वास्थ्य र सन्तुलित पर्यावरण

सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवन स्तर प्रवर्द्धन गर्न, शहरी स्वच्छता र खानेपानीको सुविधा १०० प्रतिशत पुर्‍याउने तथा पर्यावरण लाई दिगो राख्ने कार्य हुने छ ।

### सुशासन र जवाफदेहिता

भष्ट्राचार को शून्य सहनशिलता विकास गर्ने, पारदर्शिता सुनिश्चित गर्ने र प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाहरूको निर्माण हुने छ ।

### स्रोतको समुचित व्यवस्थापन

मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग गरिने छ । सार्वजनीक, निजी र सरकारी (तीन खम्बे अर्थनिति) को अवलम्वन गर्दै श्रमको प्रवर्द्धन गर्ने, स्थिीर, समावेशी र दिगो आर्थिक वृद्धि र सबैका लागि पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित श्रम प्रर्वद्धन गर्ने, उच्च एवम् दिगो उत्पादन तथा उत्पादकत्व वृद्धि गरी स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्दै सिगों महानगरमा गरिबीको अन्त्य गरिने छ ।

### प्रविधि मैत्री सेवा प्रवाह

महानगरीय सेवालाई प्रविधि मैत्री बनाईने छ भने सेवाग्राहीको समेत प्रविधिको पहुँच बढाईने छ, यसको अभिमुखीकरण गर्ने दायित्व महानगरीय सरकारको रहने छ ।

## क्षेत्रगत योजना र प्रतिवद्धता

### शिक्षा

- ☞ महानगरभित्र शिक्षाको अधिकारबाट कोहि वालवालिका तथा लक्षित वर्गका गरिव, महिला, दलित, अल्पसंख्यक बञ्चित हुन नपरोस् भन्ने हेतुले **गुणस्तरीय र निःशुल्क सार्वजनिक शिक्षा**को व्यवस्थापन गरी पूर्ण साक्षर महानगर बनाइनेछ ।
- ☞ शिक्षामा राज्यद्वारा पूर्णरुपमा सम्वोधन गर्न नसकिएको क्षेत्रमा **परिपुरक निजि शिक्षा** को अवधारणा अवलम्वन गरिने छ ।
- ☞ व्यवसायिक जनशक्तिको उत्पादनको लागि माध्यमिक तहको एक सुविधासम्पन्न **महानगरीय व्यवसायिक शिक्षालय** स्थापना गरिने छ ।

- ☞ खेलकुदको राष्ट्रिय तथा अन्तराष्ट्रिय पहिचान बढाउनका लागि ५ देखि १२ कक्षाका विद्यार्थीलाई लक्षित गरी **महानगरीय खेलकुद एकेडेमी** स्थापना गरिने छ।
- ☞ सूचना,सञ्चार तथा प्रविधिको बढ्दो आबश्यकतालाई संवोधन गर्न माध्यमिक तहको एक **महानगरीय आईसीटी एकेडेमी** स्थापना गरिने छ।
- ☞ प्रत्येक निजि र सार्वजनिक शिक्षण संस्थाका विचमा भगिनी सम्वन्ध स्थापित गराई सामाजिक उत्तरदायित्व वहन गर्ने वातावरण तयार गरिने छ।
- ☞ पठन खोज तथा अनुसन्धान संस्कृतिको विकास गरि गुणस्तरीय शिक्षा हासिल गर्ने अवसरको सुनिश्चितता गर्न महानगर स्तररीय एक मेट्रो लाईब्रेरी र प्रत्येक वडास्तरमा एक एक लाईब्रेरीको स्थापना गरिने छ।
- ☞ महानगर भित्र हाललाई सुरुमा ६ वटा सार्वजनिक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकसित गर्न व्याकअप गरिने छ र ५ बर्ष भित्रमा सबै सामुदायिक विद्यालय लाई स्तरोन्नती गराइनेछ।
- ☞ स्वदेशी तथा विदेशी विश्वविद्यालयबाट प्राविधिक एवं उच्च शिक्षा हासिल गरेका फ्रेस ग्राजुयट्स को पंक्तिबाट शिक्षण अनुगमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाउन , नमूना शैक्षिक क्रियाकलाप सञ्चालन गर्न प्रत्येक वार्डमा ३ जना **महानगर स्वंयसेवी शिक्षक/शिक्षिका**को दरवन्दी व्यवस्था गरिने छ।
- ☞ महानगरभित्र निजी, संस्थागत विद्यालय का शिक्षक तथा कर्मचारी एवं सामुदायिक विद्यालयमा ईसिडि देखि अन्य तहमा र निजी स्रोतमा कार्यरत शिक्षकको तलवमान, पारिश्रमिक र अन्य सुविधा कमसेकम सरकारी सरह बनाउनुका साथै महानगरको तर्फबाट विशेष प्रोत्साहन भत्ता उपलब्ध गराईने छ।
- ☞ प्रत्येक माध्यमिक विद्यालयमा माध्यमिक तहको पाठ्यक्रम अर्न्तगत विद्यार्थीहरुमा प्राविधिक सीप विकास गर्ने उद्धेश्यले क्षेत्रगत आवश्यकताको कम्तीमा एक प्रयोगात्मक विषय अनिवार्य गरिनेछ।
- ☞ पृथ्वीनारायण क्याम्पसमा सञ्चालनमा रहेका अध्ययन संस्थान/संकायहरुको स्तरोन्नति गरि प्रादेशिक विश्वविद्यालयको रुपमा विकास गर्न पहल एवं सहकार्य गरिने छ।
- ☞ प्रत्येक विद्यालयमा नर्सिङ सेवासहित विपन्न तथा जेहेन्दार दलित विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिने छ।

- ☞ पर्यटकीय राजधानी पोखराको पर्यटनलाई बढावा दिने र आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने हेतुले माध्यमिक तहबाटै पर्यटनसंग सम्वन्धित विषयहरुमा पठनपाठन सञ्चालन गरिने छ ।
- ☞ पोखरा विश्वविद्यालय र गण्डकी विश्व विद्यालयमा नविनतम विषहरुको खोज, अनुसन्धान गर्ने, थिकं ट्याङ्कहवको रुपमा विकसित गरिने छ ।
- ☞ मावि तह पूरा गरेका विद्यार्थीलाई सिक्दै कमाउँदै (Learn and Earn) कार्यक्रम सञ्चालन गरिनेछ ।
- ☞ महानगरको विकासमा टेवा शिर्षकमा विद्यावरिधी गर्ने विद्यार्थीलाई विशेष अनुसन्धानवृति प्रदान गरिनेछ ।
- ☞ पूरुन्चौर स्थित कृषि क्याम्पसमा थप शैक्षिक कार्यक्रम सहित क्याम्पसको स्तरोन्नती गर्न पहल गरिने छ।

**स्वास्थ्य**

- ☞ आधारभूत स्वास्थ्य सेवालाई .निःशुल्क र सर्वसुलभ बनाईने छ। महानगरका ३३ वटै वडा हरुमा दक्ष जनशक्ति सहितको स्वास्थ्यकेन्द्रको व्यवस्थापन गरिने छ ।
- ☞ मातृशिशु स्वास्थ्य प्रर्वद्धन गर्न ६ महिनासम्म मासिक २ हजार को दरले **सुत्केरी पोषण भत्ता** प्रदान गरिने छ ।
- ☞ ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालन गरी निशुल्क स्वास्थ्य परिक्षण, उपचार, परामर्श , नर्सिङ सेवा, डाक्टर ईन कल जस्ता सुविधा समावेश गरिने छ साथै स्वास्थ्य सेवा व्यवस्थापन समिति मार्फत प्रत्येक वडामा **ज्येष्ठ नागरिक स्याहार केन्द्र**( एकीकृत सेवा) मार्फत आर्ट अफ लिभिङ्ग जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- ☞ **बालबालिका पोषण कार्यक्रम** अर्न्तगत २ वर्षसम्मका बालबालिकाको पहिचान र अभिलेखीकरण गरी पौष्टिक आहार वितरण गरिने छ ।
- ☞ **प्रजनन् स्वास्थ्य सेवा कार्यक्रम** मार्फत किशोरकिशोरी मैत्री स्वास्थ्य परामर्श, सुत्केरी स्याहार जस्ता सेवा सञ्चालन गरिने छ ।
- ☞ युवाहरुको बेरोजगारी, दुर्व्यसनी जस्ता समस्याहरु बाट उत्पन्न परिस्थितिलाई व्यवस्थापन गर्न **मनोसामाजिक परामर्श केन्द्र** स्थापना गरीकार्यक्रम सञ्चालन गरिने छ ।

- ☞ काश्यप ऋषिको तपोभूमिको रुपमा प्रसिद्ध पोखरामा 'उपचार र निदान भन्दा रोग लाग्नै नदिनु वेश ' भन्ने उक्तिलाई चरितार्थ गर्न आर्युवेदको पठनपाठन र उपचारका लागि **महानगरीय आरोग्य धाम** सञ्चालन गरिने छ ।
- ☞ नगरीय विपन्नता मापन गर्दै अति विपन्न परिवारलाई निःशुल्क नागरीक स्वास्थ्य वीमा सुविधा प्रदान गरिने छ ।
- ☞ आकस्मिक रेस्पोन्स तथा ट्रमा सेण्टर को सुविधा सहित सेवा प्रदान गर्न महानगरीय स्वास्थ्य सेवा अर्न्तगत **मेट्रो अस्पताल** सञ्चालन गरिने छ ।
- ☞ पर्यटकीय शहर पोखरालाई थप पर्यटकमैत्री बनाउन **पर्यटक स्वास्थ्य सेवा कार्यक्रम** सञ्चालन गरिने छ ।
- ☞ **विद्यालय स्वास्थ्य सेवा कार्यक्रम** मार्फत प्रत्येक विद्यालयमा आवश्यक पर्ने आधारभूत स्वास्थय सेवा प्रदान गरिने छ ।
- ☞ पोखरा आसपासका क्षेत्रमा रहेका औषधिजन्य जडीवुटी, वनस्पति र बनस्रोतको संरक्षण, सर्म्वद्धन र उपयोगितालाई बढाउन महानगरको पहलमा **जडीवुटी प्रशोधन केन्द्र** स्थापना गरिने छ ।
- ☞ महानगरीय **शहरी स्वास्थ्य प्रर्वद्धन केन्द्र** हरुलाई महत्वपूर्ण अस्पतालहरुसंग समन्वय गरि सरुवा रोग नियन्त्रणमा विशेष पहल गरिने छ ।
- ☞ विशेष प्रकृतिका रोग र विशेष अवस्थाका व्यक्तिको निःशुल्क स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरिनेछ ।
- ☞ स्वास्थ्यका लागि भोलेन्टियर रोस्टर तयार गरि, महानगरका सबै वडामा सेवा प्रदान गरिनेछ ।

## उद्यमशिलता, रोजगार तथा मानव संसाधन विकास

- ☞ स्थानीय स्रोत, साधनको अधिकतम परिचालन गरि रोजगारका अवसरहरु सृजना गरिने छ ।
- ☞ रोजगारीका लागि सहजीकरण, समन्वय, सञ्जालीकरण, नवपर्वतन र अनलाईन रोजगार बजार जस्ता सेवा प्रदान गर्न **मानव संसाधन विकास केन्द्र** स्थापना गरिने छ ।
- ☞ रेमिट्यान्स परिचालन गरी पर्यटन पूर्वाधार निर्माण र उद्यमशिलता प्रर्वद्धन गर्न **विप्रेषण सदुपयोग कार्यक्रम** सञ्चालन गरिने छ ।
- ☞ परम्परागत सीप र उपकरणको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा

व्यवसायीकरण गरिने छ ।

☞ परियोजना धितोमा युवा व्यवसायीलाई १० लाखसम्म स्टर्ाट अप को लागि (विउ पुँजी ) ऋृण लगानी गरिने छ ।

☞ पहिलो ६ महिनामा ३००० रोजगारी थप गर्ने योजनाका साथ +२ तहको अध्ययन सकाएका यस क्षेत्रका युवालाई भाषा, होटल म्यानेजमेण्ट, मोबाईल मर्मत, कृषि स्रोत व्यक्ति, जडिवुटी संकलन , व्युटिसियन, पल्म्वीङ्ग, ईलेक्ट्रीसियन,भेटेनरी, ईम्ब्रोइडरी, ह्यान्डलुम, ग्राफिक्स डिजाइएन, वेभपेज डिजाईन, भिडियो एडिटिङ्ग, वेटर आदि जस्ता सीप सगै रोजगारी र उद्यमशिलता विकास गर्न **सक्षम पोखरा परियोजना** सञ्चालन गरिने छ ।

☞ दक्ष जनशक्तिलाई स्थानीय स्तरमा परिचालन गर्न  विशेष **महानगर स्वरोजगार कार्यक्रम** सञ्चालन गरिने छ ।

☞ महानगरभित्रका आमा समूहहरुलाई “एक समूह एक उत्पादन” कार्यक्रम अर्न्तगत कुनै पनि उद्योग सञ्चालन गर्न २० प्रतिशत महानगरले अनुदान दिने र ८० प्रतिशत निर्देशित कर्जाको व्यवस्था गरी सोको बैंक ग्यारेन्टी महानगर वस्ने व्यवस्था मिलाईने छ ।

## पूर्वाधार

☞ महानगरको सुविधा सम्पन्न कार्यालय र वडा कार्यलयहरु निर्माण सम्पन्न गरिने छ ।

☞ ४० देखि ५० हजार जनसंख्या को लागि पोखरा महानगरका ग्रामीण ईलाका वा संगै  जोडिएका अन्य ठाँऊमा **ग्रेटर पोखरा** को अवधारणासंग तालमेल मिल्ने गरी ५ वटा **सेटलाईट टाउन्स** निर्माण गरिने छ ।

☞ महानगरीय चक्रपथ निर्माण को योजना थय गरी कार्य सुरुवात गरिने छ ।

☞ प्रत्येक वार्ड कनेक्टीङ रोडको  स्तरोन्नति गरिने छ ।

☞ महानगरको व्यस्त सडक तथा चोकमा  आवश्यकता अनुसार आकाशे पुल तथा अन्डरपास /वाईपास निर्माण गरिने छ ।

☞ पर्यटकीय दृष्ट्रिकोणवाट महत्वपूर्ण ठानिएको अन्तराष्ट्रिय सभा हल निर्माण सम्पन्न गरिने छ । सभागृह मा रहेको सिटीहललाई थप सुविधासम्पन्न बनाईने छ ।

☞ बढ्दो सवारी चापलाई ध्यानमा राखी अटोमेटिक ट्राफिक सिग्नल  व्यवस्थापन गरिने छ ।

- ☞ साईकल सिटीको अवधारणालाई प्रर्वद्धन गर्दै पोखराका तालहरुलाई जोड्ने साईकल लेन को पूर्वाधार बनाईने छ ।
- ☞ महानगरभित्र रहेका महत्वपूर्ण तालस्रोत संगै रहेका वनस्रोतहरुको संरक्षण र उपयोग गर्दे जैविक विविधता तथा प्राकृतिक उद्यान एवं वनस्पति उद्यान निर्माण गरिने छ ।
- ☞ पोखराको सौन्दर्य थप्न तालको ड्याम, चोक एवं मूल सडकमा बत्तीको व्यवस्था गरिने छ ।
- ☞ सार्वजनिक-निजि साझेदारी अवधारणामा आधारित रहेर महानगरको प्रवेशद्वार मानिने लामेआहालको निर्माणाधिन क्षेत्रिय वसपार्क देखि पर्यटकीय क्षेत्र लेकसाईड सम्म सडकको दाँया बाँया ईलेक्ट्रिक TRAMS सञ्चालन गरिने छ ।
- ☞ पोखरा महानगरपालिकाको मुटु पृथ्वीचोकमा रहेको बसपार्क लाइ सिटी बसपार्कको रुपमा तत्काल व्यवस्थित गरिनेछ ।
- ☞ उपयुक्त जग्गा अधिकरण गरी बाच्छेवुडुवाको ल्यान्डफिल्ड साईटलाई अन्यत्र सारेर तत्काल व्यवस्थित गरिने छ ।
- ☞ मल्टीपर्पोज पार्क (अन्तराष्ट्रिय स्तरको), फ्लाईङ स्कुल जस्ता परियोजना सञ्चालन गरी पोखरा विमानस्थलको भू-उपयोगको दीर्घकालीन योजना निर्माण गरिने छ ।
- ☞ फेवाताल किनाराको हिमागृह दरवारमा जैविक विविधता पार्क सञ्चालन गरिने छ । पोखरा ६ गौरीघाटमा रहेको रत्नमन्दिरमा प्यालेस म्युजियम सञ्चालन गरिने छ ।
- ☞ वडा नं ३३ मा रहेको ं अन्तराष्ट्रिय क्रिकेट मैदान सम्पन्न गरिनेछ । उच्च भेकिय गल्फ कोर्ष निर्माण गरिने छ ।
- ☞ महानगरको ट्राफिक व्यवस्थापनको लागि Multistorey Parking Facility, PPP Model मा Underground Parking सहित व्यवस्थित पार्किङ्ग स्थलको निर्माण गरी सञ्चालन गरिने छ ।
- ☞ महानगरीय खानेपानी प्रणालीलाई बहुसरोकारवाला परियोजना मार्फत व्यवस्थित गरिने छ ।
- ☞ पोखरा ३३, पुणीटारमा प्रस्तावित औधोगिक क्षेत्र यथाशीघ्र सञ्चालन गरिने छ ।

- पोखरा क्षेत्रिय अन्तराष्ट्रिय एअरपोर्ट तत्काल सञ्चालनमा ल्याईने छ ।
- भूमिहिन, सुकुम्वासी, तथा अव्यवस्थित वसोवासीलाइ सहयोग पुग्ने किसिमको **आवास सहकारी कार्यक्रम** सञ्चालन गरिने छ ।
- भूमिहिन, सुकुम्वासी, तथा अव्यवस्थित वसोवासीलाइ व्यवस्थित वनाउँदै राष्ट्रिय भूमिव्यवस्था आयोग संग समन्वय गरी जग्गाधनी लालपूर्जा प्रदान गरिने छ ।.
- ऐतिहासिक कालदेखि .सेती नदीका किनारमा रहेका परम्परागत घाटहरुलाई व्यवस्थित गर्नुका साथै आवश्यकता अनुसार  ईलेक्ट्रिक शवदाह स्थल निर्माण गरिने छ ।
- महानगर क्षेत्रका विभिन्न स्थानहरुमा सुविधासम्पन्न यात्रु प्रतिक्षालयहरु निर्माण गरिने छ ।
- महानगरको केन्द्र देखी बिभिन्न गाउँ सम्म पुग्नको लागी सन्ध्याकालिन बस सेवा सँचालन गरिनेछ ।
- पोखरा आउने मुख्य  नाकामा बसपार्क तथा प्रवेशपार्क  बनाइनेछ ।
- बिजयपुर र चाइनापुलको बैकल्पीक ब्यवस्था गरिनेछ ।
- अन्तराष्ट्रिय एयरपोर्टबाट मुस्ताङ्गचोक , एयरपोर्टबाट कोत्रे सम्म फास्ट ट्रयाक निर्माण गरिनेछ ।
- पोखराका मुख्य सडकहरु आसफाल्ट प्रविधि प्रयोग गरि पिच गरिने छ ।
- सार्वजनिक निजी साझेदारी मोडेल मा पोखराको पर्यटन प्रर्वधन गर्न हवाई कम्पनी स्थापना गरिने छ ।
- पोखरामको कुनै स्थानमा Auto Village बनाईने छ ।
- पोखरा महानगरमा नमूना सुरुङ्ग मार्गको मार्गचित्र तयार गरिने छ ।
- फेवा बेगनास कनेक्टिभिटी TRAMS सञ्चालन गरिनेछ ।
- सडक बत्ती तथा तारको उचित व्यवस्थापन गरिनेछ ।
- पोखरा डाँडाकाँडालाई पर्यटकिय सेटलाइट केन्द्रको रुपमा विकास गरिनेछ ।

## पर्यटन

- पर्यटकीय गौरवका योजना सम्पन्न गरी  पर्यटकको पोखरा आगमनको संख्या, बसाइको अवधि र खर्च गर्ने दर बढाईने छ । यसरी आर्थिक वर्ष

२०८४/०८५ सम्ममा महानगरमा वार्षिक १० लाख विदेशी पर्यटक भित्राउने लक्ष्य राखिएको छ ।

☞ MICE (Meetings, Initiatives, Conferences, Events ) पर्यटन मार्फत रोजगारीका अवसरहरु बढाईने छ ।

☞ पोखरा ताल संरक्षण तथा जैविक विविधता प्रर्वद्धन परियोजना (Pokhara Lake conservation Area Project ) सञ्चालन गरिने छ ।

☞ पोखरामा **Nature, Culture & Adventure** भन्ने नारालाई चरितार्थ गर्ने Wellness Tourism, Adventure Tourism Promotion का प्याकेजहरु विस्तार गरिने छ ।

☞ स्थानीय उपहार तथा हस्तकलाका सामाग्री उत्पादन गर्ने '**पोखराको सम्झना**' उद्योगको स्थापना र सञ्चालन गरिने छ ।

☞ पोखरालाइ मास टुरिजमको हवको रुपमा विकास गरिने छ यसको लागि प्रर्वद्धन गर्ने तात्कालीक कार्यक्रमहरु सञ्चालन गरिने छ । पर्यटकीय गतिविधिलाई २४ घण्टा खुल्ला राख्न पहल गरिने छ ।

☞ सरकारी र नीजि क्षेत्रको सहकार्यमा महानगरको ऐन बनाई महानगरीय पर्यटन वोर्डको स्थापना र सञ्चालन गरिने छ ।

☞ पोखरा आसपासको शान्त र ग्रामीण ईलाकामा प्राकृतिक चिकित्सालय सञ्चालन गरिने छ ।

☞ स्वदेशी तथा विदेशी पर्यटकहरुलाई पर्यटकीय गतिविधि तथा क्रियाकलापको सूचना प्रदान गर्न अत्याधुनिक पर्यटन सूचना केन्द्र स्थापना र सञ्चालन गरिने छ ।

☞ पर्यटन, यातायात, सार्वजनिक स्थल आदिमा कार्य गर्ने कर्मचारी लाई लक्षित गरि Hospitality Behavior Development Training को आवधिक प्याकेज चलाईने छ ।

☞ वैशाख १ गतेलाई नयाँ वर्षको रुपमा मनाउने मुलुकहरुको वीचमा EXCHANGE VISIT Plan, Solidarity Package, Sister Relationship कायम गरिने छ ।

☞ छिमेकी राष्ट्र भारतका मूल ५ पीठका पीठाधिश लाई वार्षिकरुपमा पोखरा देखि मुक्तिनाथ सम्मका प्रमुख तीर्थस्थल भ्रमण गराई धार्मिक पर्यटनलाई

प्रर्वद्धन गरिने छ ।

☞ पोखरालाई मुक्तिनाथ को प्रवेशद्वारको रुपमा विकास गरिने छ ।

☞ लुम्विनी –पोखरा–मुक्तिनाथ (जोमसोम) –मानसरोवर (सिमकोट, हुम्ला) हवाई रुट विकास गरिने छ ।

☞ पोखराका ऐतिहासिक र पुरातात्विक दृष्ट्रिकोणले महत्वपूर्ण स्थानहरुमा Heritage Tourist Destination को रुपमा विकास गरिने छ ।

☞ पोखराका प्रसिद्ध तालहरुबाट नेपालका रारा लगायतका प्रमुख तालहरुमा **इन्टरलेक एअर कनेक्सन** गरिने छ ।

☞ साना तथा मझौला स्तरका होटल हरुले भोगिरहेका समस्या समाधान गर्न एक टुरिजम हेल्प डेक्सको व्यवस्था गरिने छ ।

☞ १०० कोठा वा सो भन्दा बढिको होटेल निर्माण गरि ३० प्रतिशत भन्दा बढि महानगरका नागरिकलाई रोजगार दिन सक्ने क्षमता राख्ने पूर्वाधार निर्माणमा नक्शा पास निःशुल्क गर्ने व्यवस्था मिलाईने छ ।

☞ वेगनासकोट, बिश्वशान्ति स्तुपा, ठूलाकोट , पुम्दीकोट र काँहु डांडा लगाएतका अन्य पर्यटकीय स्थानमा पदमार्ग तथा केबुलकारको निर्माणमा जोड दिईनेछ ।

☞ महानगरको पहलमा तालस्रोतहरुको वर्गिकरण गरी वेगनास, रुपा, मैदी, दिपाङ लगायतका तालहरुमा  वाटर रिक्रियशन , पानीमा खेल्ने साहसिक खेलहरु, क्रुज, फ्लोटिङ्ग रेष्टुरेण्ट जस्ता परियोजना सञ्चालन अनुमति प्रदान गरिनेछ ।

☞ ड्यामसाईड, रानीबन हुँदै अनदुडाँडा सम्म **प्रिमियम पोनी ट्रेक प्याकेज** सञ्चालन गरिने छ ।

☞ फेवा वेगनास कनेक्सन र सवै तालहरुको सौन्दर्यीकरण गरिने छ ।

☞ वेगनास, फेवा, रुपा लगायतका तालहरुमा **Lake Round Foot Track** निर्माण र ट्र्याक लाईटको व्यवस्था गरिनेछ ।

## २.६. खेलकुद

☞ खेल पर्यटनको माध्ययमबाट पोखरालाई खेलकुदको राजधानी शहरको रुपमा विकसित गरिने छ ।

- ☞ पोखरामा रहेका रंगशालाहरु लाई स्तरोन्नति  गरिने छ ।
- ☞ टेनिस क्रिकेट जस्ता नयाँ खेलकुदका लागि मिनी कभर्ड हल बनाईने छ ।
- ☞ प्राकृतिक विपद्को घडिमा सुरक्षित खुल्ला स्थानको रुपमा पनि प्रयोग गर्न सकिने गरि प्रत्येक वडामा फुट सलको पूर्वाधार निर्माण गरिने छ ।
- ☞ मावि स्तरीय मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ ।
- ☞ व्यवसायिक खेलकुद लाई प्रर्वद्धन गर्नको लागि महानगर मार्फत  आफ्नै फुटवल, टेनिस, क्रिकेट, ब्याडमिन्टन, भलिवल लगायतका खेलकुद कल्बहरु स्थापना र सञ्चालन गरिने छ ।

**शहरी स्वच्छता**

- ☞ **फोहोर लाई मोहोर** कार्यक्रम मार्फत उपभोक्ता लाई घरघरमा फोहोर छुट्टाउन लगाउने र महानगरले  Waste Bank मार्फत खरिद गर्ने प्रणाली शुरु गरिने छ ।
- ☞ महानगरलाई फूलमा आत्मनिर्भर बनाउन र शहरी सौन्दर्य बढाउन "एक टोल एक नर्सरी" " एक घर पाँच गमला र एक फक्रेको फूल" कार्यक्रम सञ्चालन गरिने छ ।
- ☞ ढल तथा नालीलाई व्यवस्थित गरिने छ ।
- ☞ फोहोरमैला व्यवस्थापन कार्यविधि लाई अक्षरश पालना गरिने छ ।
- ☞ पोखरा महानगरभित्र आबश्यक संख्यामा Public Toilet निर्माण गरिने छ ।
- ☞ महानगरका प्रत्येक घर अगाडिको सार्वजनिक स्थलको  सरसफाई र संरक्षण का लागि  "मेरो घरआँगन मेरो जिम्मेवारी "अभियान चलाईने छ  ।
- ☞ महानगरबासीलाई कम्तीमा मासिक ५,००० लिटर शुद्ध खानेपानी निशुल्क बितरण गरिनेछ ।
- ☞ नगरको सौन्दर्यीकरण गर्न बृक्षारोपण गर्ने, शान्तीबन बाटिका, विपी स्मृति पार्क,सहिदपार्क, पुष्पलाल पार्क, बसुन्धरा पार्क, मदन आश्रीत पार्क , रविन्द्र स्मृती वाटिका लगायतको  संरक्षण गरिनेछ ।
- ☞ फोहोरमैला  नियन्त्रणको लागि शिशा तथा प्लाष्टिक जन्य बोतल लगायतका कवाडीले संकलन नगर्ने फोहोरहरुमा धरौटी राख्ने प्रणालीको व्यवस्था गरिने छ ।

## महानगरीय सुशासन

- ☞ महानगरबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई विद्युतिय सुशासनको दायरा भित्र ल्याईने छ। महानगरको सेवा प्रवाहलाई पेपरलेस, मुभलेस बनाईने छ।
- ☞ महानगरबाट प्रदान गरिने अत्यावश्यक सिफारिश निःशुल्क गरिने छ।
- ☞ प्रभावकारी ढंगले गुनासो सुन्न र ढिलासुस्ती नियन्त्रण गर्न **हेलो मेयर** कार्यक्रम सञ्चालन गरिने छ।
- ☞ महानगरमा प्रभावकारी सेवा प्रवाह र कार्यचुस्तता को आधारमा कर्मचारी व्यवस्थापन गरिने छ।
- ☞ प्रत्येक वडाकार्यालहरुको सेवाप्रवाहलाई प्रभावकारी बनाइ वडाको क्षमता सवलिकरण, अधिकार सम्पन्न बनाईने छ।
- ☞ महानगरवासीलाई नगरविकासप्रति उत्तरदायी बनाउन नगरका ठूला र दीर्घकालीन योजना निर्माणको निर्णय गर्दा ईलेक्ट्रोनिक्स पोलको माध्यमवाट सर्वेक्षण गर्ने व्यवस्था मिलाईने छ।
- ☞ महानगरका विषयगत समिति हरुको क्षमता अभिवृद्धि गरिने छ।
- ☞ महानगरभित्र मेट्रिक ठेगाना प्रणाली लागू गरिने छ।
- ☞ नागरिकको काम उनीहरुले चाहे अनुसार, उनीहहरुकै समयमा सम्पन्न हुने व्यवस्थाको ग्यारेन्टी गरिने छ।
- ☞ परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कनबाट महानगरलाई जवाफदेही र प्रभावकारी बनाईने छ। यस्तो परिचय पत्रलाई सहुलियत कार्डको रुपमा परिभाषित गरिने छ।
- ☞ आयोजनाहरूको नतिजा, प्रतिफल, प्रभावहरू र दिगोपनाको मापन गरिने छ।
- ☞ विपन्नता भएका परिवारलाई परिचय पत्र वितरण गरी जीवीकोपार्जनको सुनिश्चितता गरिने छ।
- ☞ गठबन्धनका उम्मेदवारहरु निर्वाचित भएर आईसकेपछि ,उद्घाटन तथा वार्षिकउत्सव जस्ता सृजनशिलता नदेखिने कार्यक्रममा अतिथिको रुपमा सहभागि हुने छैनन्। हाम्रा प्रतिनिधीहरुको समय जनताका काममा पुर्णरुपमा समर्पण गरिने छ।
- ☞ समयसमयमा जनप्रतिनिधीको सम्पत्ति सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

- ☞ प्रशासननिक खर्च कटौती गरि महानगरको आर्थिक बोझ घटाइनेछ ।
- ☞ सार्वजनिक विदाका दिनमा पनि निश्चित समयका लागि अतिरिक्त सेवा डेक्स सञ्चालन गरि सेवा प्रवाह गरिनेछ ।

### कृषि

- ☞ मेयेर विशिष्ट उत्पादन पकेट क्षेत्र घोषणा गरि स्थानीय रुपमा कृषि उद्यमशिलता विकास गरिने छ । साथै **हाम्रो उत्पादन हाम्रो गौरव कार्यक्रम** अर्न्तगत मसला, अचार, मासु , दुध , टुसा, पेय पदार्थ लगायतका उपजको प्रोसेसिङ्ग, प्याकेजिङ्ग , लेभलिङ्ग ,मार्केटिङ्ग र ब्रान्डिङ्ग गरिने छ ।
- ☞ महानगरको पहलमा प्रत्येक वार्डमा कृषि उपज बजार केन्द्र खोलिने छ ।
- ☞ महानगरको पहलमा कौशी खेती अनुदान योजना सञ्चालन गरिने छ ।
- ☞ कृषि ज्ञान केन्द्र मार्फत बाली वीमा, पशु विमा योजना लाई अद्यावधिक गरिने छ ।
- ☞ कृषि उपज मार्फत गाऊँ शहर अन्तरसम्वन्ध बढाईने छ ।
- ☞ कृषि क्षेत्रमा खपत हुने विजुली को महशुलमा ५० प्रतिशत छुट दिईने छ ।
- ☞ सामुहिक खेतीप्रणाली तथा चाक्लाबन्दीमा अनुदान प्रदान गरिने छ ।
- ☞ रैथाने तथा उन्नत दुवै खाले वीउवीजनका लागि वीऊ बैंक स्थापना गरिने छ ।
- ☞ कृषि र पशुपालनमा बजारमुखी उत्पादनमा जोड दिईने छ र बजारीकरणका लागि सहजीकरण गरिने छ ।
- ☞ जैवीक खेतीप्रणाली को विकास गर्दै उपभोक्ताको जैविक उत्पादनको उपभोगमा जागरुकता बढाईने छ ।
- ☞ कृषि उत्पादनमा समर्थन मुल्य कायम गरी महानगरले न्युनतम मुल्यमा खरिद गर्ने ब्यवस्था गरिनेछ ।
- ☞ व्यवसायिक कृषकलाई कार्यविधि बनाई कृषक परिचयपत्र वितरण गरिने छ ।
- ☞ कृषि सडक, कृषि उपसंकलन केन्द्र, कृषि बजार, कृषि एम्बुलेन्स, दुध चिस्यान केन्द्र र शीत भण्डारको व्यवस्था गरिनेछ ।
- ☞ सहकारी तथा सामुहिक खेती प्रणाली सञ्चालन गरिनेछ ।

## मानवीय सुरक्षा तथा विपद् व्यवस्थापन

☞ पूर्ण खोप सुनिश्चितता गरिने छ ।

☞ सामाजिक सुरक्षाका कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ । अति विपन्न ज्येष्ठ नागरिक र एकल महिलाको सुरक्षाको लागि महानगरको तर्फबाट थप अतिरिक्त २० प्रतिशत सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छ ।

☞ नगर प्रहरीको संख्या र क्षमता अभिवृद्धि गरी  नागरिक सुरक्षा निगरानी बढाईने छ ।

☞ आपतकालीन सेवाको लागि टोलफ्री नं , र मोवाईल एप्लीकेशन सञ्चालनमा ल्याईने छ ।

☞ प्रकोप व्यवस्थापनका लागि पूर्व सूचना प्रणाली लागू गरिने छ ।

☞ महानगरका मुख्य सडक र चोकहरुमा र सार्वजनिक स्थलहरुमा सुरक्षा निगरानी बढाउन सिसीटिभी जडान गरिने छ ।

☞ योगदानमा आधारित सामाजिक सुरक्षा कार्यकम कडाईका साथ लागू गरि श्रमिकको अभिलेख राखिनेछ ।

☞ पोखरामा बढ्दो लागूऔषध दुर्व्यसन नियन्त्रयण सम्वन्धमा आवश्यक कार्य गरि पोखरालाई लागूऔषध दुर्व्यसन मुक्त शहरको रुपमा विकास गरिने छ ।

## सूचना, सञ्चार तथा विज्ञान प्रविधि

☞ पोखरालाई सूचना प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान र व्यावसायिक केन्द्र, (साइबर सिटी) का रूपमा विकास गरिने छ  ।

☞ महानगर भित्रका महत्वपूर्ण सार्वजनिक स्थलहरुमा उच्च ब्यान्डवीथ सहितको Free Wifi प्रदान गरिने छ  ।

☞ महानगर भित्र ईन्टरनेट सेवा प्रदायकहरुसंग समन्वय गरि हाईस्पीड ईन्टरनेट सेवा प्रदान गरिने छ ।

☞ महानगरको पहलमा विजनेस ईन्क्युवेशन ल्याव खोलिने छ ।

## प्राकृतिक स्रोत साधनको उपयोग

☞ सार्वजनिक निजी साझेदारीमा साना तथा मझौला जलविद्युत् तथा पानीमा आधारित पर्यटकीय पूर्वाधार विकास गरिने छ ।

☞ महानगरभित्रका सबै जलाधार क्षेत्रहरूको विस्तृत अध्ययन गरी जलाधार

संरक्षण परियोजना सञ्चालन गरिने छ ।

☞ सामुदायिक वनमा फलफूल तथा जडीवटी लगायतका मसला वाली लगाउने र जीवीकोपार्जनमा टेवा पुर्‍याउने कार्यक्रम सञ्चालन गरिने छ ।

☞ महानगर भित्रका खोला तथा नदि किनारको ढुङ्गा, माटो, बालुवा गिटी आदिको उत्खनन , बिक्री वितरणको पारदर्शी ब्यवस्था मिलाइनेछ ।

**फेवातालको संरक्षण र सौन्दर्यकरण परियोजना**

☞ पोखराको गौरव फेवातालको संरक्षण र सौन्दर्यकरण सम्वन्धी महानगरीय परियोजना शुरु गरिने छ ।।

☞ फेवातालमा खुल्ला रुपमा मत्स्यपालन गरी फिसिङ टुरिजम विकास गरिने छ ।

☞ फेवातालको नजिक ढल निकासको राम्रो ब्यवस्था नहुँदा बाइपास ड्रेन बनाईने छ ।

**उद्योग, व्यापार तथा वित्तीय योजना**

☞ पोखरा महानगरभित्र वस्तु, प्रकार र सेवाका आधारमा बजार क्षेत्र वर्गीकरण र निर्धारण गरिने छ ।

☞ महानगरमा कार्यरत विदेशी नागरिकलाई अनिवार्य वर्क परमिटको व्यवस्था गरी करको दायरमा ल्याईने छ ।

☞ महानगरमा वित्तियकरको दरको तुलनामा करको दायरा फराकिलो पारिने छ ।

☞ पोखरामा उत्पादित वस्तुहरुको ब्राण्डिङ्ग गर्ने कार्यक्रम सहितको कोशेली घरको व्यवस्था गरिने छ ।

☞ महानगरमा दर्ता हुने सवै उद्योग व्यवसायहरु Online बाट दर्ता गरी प्रमाणपत्र दिने व्यवस्था मिलाइनेछ ।

☞ वैज्ञानीक कर प्रणाली लागु गरी करको दायरा फराकिलो पारिनेछ ।

**सामाजिक सुरक्षा**

☞ विशेष संरक्षण आवश्यक भएका ज्येष्ठ नागरिक तथा बालबालिकाहरूको संरक्षण र पुर्नःस्थापन गरिने छ ।

☞ अपाङ्गता भएका व्यक्तिहरूको आत्मनिर्भर र मर्यादित जीवनयापन हुने कार्यक्रमहरु सञ्चालन गरिने छ ।

- ☞ लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति कार्यन्वयन गरिने छ ।
- ☞ हिंसा पीडित, यौनिक अल्पसंख्यक र एकल महिलाहरूको लागि क्षमतावृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।
- ☞ पोखरा महानगरलाई सडक मानव मुक्त शहर बनाईने छ ।

**कला, संस्कृति तथा सम्पदा**

- ☞ महानगर भित्रका विभिन्न जात, जाति र समुदायको धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र संवर्द्धन गर्नको लागि पोखरा २०, मौजा क्षेत्रमा **बहुसांस्कृतिक ग्राम** स्थापना गरिने छ ।
- ☞ महानगरमा रहेका विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक सम्पदाको पुनर्निर्माण, जीर्णोद्धार र व्यवस्थापन गरिने छ ।
- ☞ कवि शिरोमणि लेखनाथ पौडेलको जन्मस्थल साविक लेखनाथलाई **सृजनाग्राम**को रुपमा विकास गरिने छ ।
- ☞ पोखरा लोक साहित्य, लोकगीत, लोकभाका, लोकबाजा को उर्वरभूमि हो । जनकविकेशरी धर्मराज थापाको जन्मस्थल, गर्न्धवहरुको कला र संस्कृति वोकेको स्थल बाटुलेचौरमा **लोक संग्राहलय**को स्थापना गरिने छ ।
- ☞ घरवस्ती वरपर रहेका पाटी, पौवा, कुवा, ढुगेंधारा, वरपिपल चौतारी लगायतका सम्पदाको संरक्षण गर्न विशेष प्याकेज ल्याईने छ ।

**अन्तरपालिका समन्वय**

- ☞ महानगरको आसपासमा रहेका अन्य पालिकाहरुसंग पारस्परीक विकासका लागि समन्वय गरिने छ ।
- ☞ स्वदेशी तथा विदेशी महानगरहरुसंग भगिनी सम्वन्ध स्थापना गरी अन्तरपालिका विकास मोडेल अपनाईने छ ।

**विविध**

- ☞ बिकास निर्माण र पर्यटन बिकासमा Chamber of Commerce, HAAN, TAAN, NATTA, REBAN, NMA आदि सँग सहकार्य गरिनेछ ।
- ☞ टुरिष्ट बसपार्क , कनेक्टीभिटी, गुफा संरक्षण र बिकास, प्याराग्लाइडिङ्ग जस्ता क्षेत्रमा आवस्यक कार्य गरिनेछ ।

- ☞ चौबिस घण्टा सुरक्षा ब्यवस्था मिलाइनेछ ।
- ☞ जिवन जिउन सहज हुने कार्यक्रम सँचालन गरिनेछ ।
- ☞ स्वाबलम्बी, इमान्दार र नैतिक संस्कार युक्त समाज निर्माणको लागि जनचेतना फैलाउने प्रकृतिका कार्य गरिनेछ
- ☞ बातावरण संरक्षण गरी क्लिन एण्ड ग्रिन ब्यूटी पोखरा निर्माणको निम्ती ताल, पोखरी, सिमसार क्षेत्र, पार्क, सार्बजनिक स्थलको संरक्षण गरी योजनाबद्ध बृक्षरोपण कार्य गरिनेछ ।
- ☞ सार्वजनिक सवारी चालकलाई दुर्घटना सम्बन्धी नियमीत प्रशिक्षणको ब्यवस्था गरिनेछ ।
- ☞ कुनै सार्बजनिक स्थान,पार्क ,मन्दिर, बिद्यालय,उद्यान ,पुल आदी सरसफाइ, हेरचार मर्मत संहार जस्ता कार्यको लागि संघ सस्थाका लागि नगर साझेदारी अन्तर्गतका योजना बमोजिम मापदण्ड बनाइ निश्तित अवधिका लागि जिम्मा दिने कार्यक्रम संचालन गरिनेछ ।
- ☞ नगर प्रहरी सेवा संचालनमा तालिम प्रशिक्षण तथा भू.पू. सैनिक/प्रहरीहरुको ज्ञान र सीपको भरपुर उपयोग गरिनेछ ।
- ☞ महानगरबासीलाई पायक पर्ने स्थानबाट सेवा प्रदान गर्नका लागी आवस्यकता अनुसार सेवा केन्द्र तथा उपकेन्द्र संचालन गरिनेछ ।
- ☞ भुतपुर्ब,कानुनविद, अर्थबिद, सेवानिबृत शिक्षक कर्मचारी, र बिज्ञको ज्ञान लाई नगर बिकासमा प्रयोग गरिनेछ ।
- ☞ फुटपाथ ब्यवस्थीत गर्न साना ब्यापारीलाई एकिकृत ब्यापारिक केन्द्र तोकि मिनि मार्केट ब्यवस्था बाट ब्यापार ब्यवसाय प्रबर्धन गरिनेछ ।
- ☞ महानगरका बिभिन्न सार्बजनिक बनहरुमा जैबिक बिबिधता संरक्षणका कार्य गर्दै कृतिम र प्राकृतिक चिडियाखानाको ब्यवस्था गरिनेछ ।
- ☞ भुकम्प बाढि पहिरो आगोलागी, चट्याङ, प्राकृतिक प्रकोप, सडक दुर्घटना, बाट पिडितलाई उद्दारको लागि सुबिधा स्रोत साधन सम्पन्न बिभाग गठन गरि द्रुत सेवा संचालन गरिनेछ ।
- ☞ महानगरमा रहेका अल्पसंख्यक उत्पीडित जाति र समुदायको उत्थान एवं हित र जिबिकोपार्जनको निम्ती बिशेष ब्यवस्था गरिनेछ ।
- ☞ दैनिक उपभोग्य बस्तु र बजारको उचित अनुगमनको प्रभाबकारी ब्यवस्था

गरिनेछ ।

☞ सामाजिक सद्भावलाई सुदृढ तुल्याउन ल्होसार, इद, जनै पूर्णीमा, गाइजात्रा, ट्होटे, माघे सङ्क्रान्ती, क्रिसमस, शिबरात्री जस्ता पर्वको राष्ट्रिय मान्यताको निम्ती आवस्यक पहल गरिनेछ ।

☞ मध्य पहाडी लोकमार्ग र सिद्धार्थ तथा पृथ्वी राजमार्ग जोड्ने बाइपास रोड निर्माण गरिनेछ ।

☞ प्रादेशिक तथा संघीय सरकार संगको सहकार्यमा केरुङ काठमाण्डौ हुँदै पोखरा बाट लुम्बिनी सम्म रेलमार्ग संचालन गर्ने तथा अन्तराष्ट्रिय ब्यापार केन्द्रको रुपमा पोखरा लाई बिकास गर्न पहल गरिनेछ ।

☞ ५ बर्षभित्र पोखरा महानगरलाई छुवाछुतमुक्त शहर बनाईनेछ । त्यसका निम्ती जातिय बिभेद उन्मुलन इकाई गठन गरी वडा तह सम्म जातिय भेदभाव उन्मुलन अभियान सन्चालन गरिनेछ ।

☞ ताल तलैया, डाँडाकाँडा, खोला नाला संरक्षण तथा बिकासको लागि अल्पकालिन र दीर्घकालिन एकिकृत कार्यक्रम संचालन गरिनेछ ।

☞ जमिन उपयोग र पशुपालनका निम्ती आवश्यक सहयोग गरिनेछ ।

☞ घरजग्गा धनी दर्ता प्रमाणपूर्जा, घर नम्बर, नापी नक्सा मिलान गर अधावधिक अभिलेख राखिनेछ ।

☞ श्रम ऐनको कार्यान्वयनमा बिशेष जोड दिईनेछ ।

☞ महानगरको न्यायिक समिति लाई जनमुखी र प्रभाबकारी बनाईनेछ ।

**प्रतिवद्धता कार्यान्वयनका ७ आधारहरु**

**नेतृत्व सीप र क्षमता**

गठबन्धनका साझा उम्मेदवारहरुको नेतृत्व सीप, लामो राजनितिक अनुभव र सामाजिक परिचालन र समाजसेवामा निरन्तर लगाव नै माथिका प्रतिवद्धताहरु कार्यान्वयन हुने महत्वपूर्ण आधारहरु हुन् ।

**पूँजीको व्यवस्थापन**

आत्मनिर्भर अर्थतन्त्र, संकलित पूँजीको अधिकतम उपभोग गर्ने र चालूगत खर्च, प्रशासनिक खर्चलाई घटाएर विकास खर्चलाई बढाउने निति नै आर्थिक रुपमा कार्यान्वयन हुने अर्को महत्वपूर्ण आधार हो ।

## सामाजिक परिचालन

समाजका सवै सरोकारवालाहरु जस्तै पेशा व्यवसायी, विद्यार्थी, श्रमजिवी, वुद्धिजिवि, प्राध्यापक,वकिल, सामाजिक अभियन्ता सवैले उत्तिकै योगदान पुऱ्याउन सक्ने सामाजिक परिचालनको मोडेलमा आधारित समाज रुपान्तरणको अभियान भएकोले माथिका प्रतिवद्धताहरुको कार्यान्वयन पक्ष दरो हुने छ ।

## दिगोपना

हामीले पोखरा महानगरमा सञ्चालन गर्ने सवै विकासका क्रियाकलापहरु सहश्राब्दी विकास लक्ष्य उन्मुख रहनेछन् र यीनीहरु पर्यावरण र जीवीकोपार्जनको दृष्ट्रिकोणबाट दिगो रहने छन् ।

## नागरिक अपनत्व

विकास हामी सवैको अधिकार हो ।सम्पूर्ण महानगरबासीले विकासका क्रियाकलापहरुको अपनत्व लिनेछन् किनकी उनीहरु स्वंय योजना तर्जुमा प्रक्रियादेखि कार्यान्वयन सम्म प्रत्यक्ष संलग्न रहेका हुनेछन् ।

## Bottom-Up Approach, सहभागितात्मक योजना तर्जुमा

भूईमान्छेहरुको विकास र समुन्नति को प्रक्रियामा सहभागिता, पहुँच सुनिश्चितता र नियन्त्रण रहने छ । विकास माथिबाट थोपरेको नभई तलबाट योजना गरिएको हुनुपर्छ यो हाम्रो मान्यता हो ।

## सेवाग्राही मैत्री, पारदर्शी तथा उत्तरदायी सेवा प्रवाह

भष्ट्राचार नियन्त्रण गर्ने, पारदर्शिता बृद्धि गर्ने र स्थानीय सरकारलाई जवाफदेहि बनाउने संयन्त्र नै हाम्रा प्रतिवद्धता कार्यान्वयन हुने अर्को महत्वपूर्ण आधार हो ।

**उल्लेखित क्षेत्रगत योजना र प्रतिवद्धतालाई प्राथमिकता तोकेर तत्कालिक रुपमा संवोधन गर्ने गरी कार्यायोजना प्रस्तुत गरिएको छ । यसरी कार्ययोजनामा प्रस्तुत क्रियाकलापको नतिजा तीन महिनामा प्रक्षेपण गरिनेछ ।**

| क्र.स | क्रियाकलाप /योजना | कहिले | जिम्मेवारी |
|---|---|---|---|
| १ | महानगरमा सेवाग्राहीलाई अत्यावश्यक सिफारिश निःशुल्क गर्ने | पदबहालीको दिन | मेयर |
| २. | हेलो मेयर कार्यक्रम सञ्चालन गर्ने | एक महिनाभित्र | कार्यपालिका |

| क.स | क्रियाकलाप /योजना | कहिले | जिम्मेवारी |
|---|---|---|---|
| ३. | घुम्ती अस्पताल सञ्चालन गर्ने<br><br>**"सुन्दर पोखरा स्वस्थ पोखरेली"** कार्यक्रम सञ्चालन गर्ने | **३ महिना भित्र** | |
| ४ | प्रभावकारी सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्ने<br><br>ज्येष्ठ नागरिक भत्ता घर-दैलोमा उपलब्ध गराउने | ३ महिना भित्र | |
| ५ | महानगरको केन्द्र देखी बिभिन्न गाउँ सम्म पुग्नको लागी साँझ बस सेवा सँचालन गर्ने | ३ महिना भित्र | |
| ६ | Hospitality Behavior Development Training को आवधिक प्याकेज चलाउने | ३ महिना भित्र | |
| ७ | महानगरीय करको दायरा फराकिलो बनाउने कार्यविधि निर्माण | ३ महिना भित्र | |
| ८ | मुभलेस सेवा प्रवाह सञ्चालन गर्ने<br><br>महानगरको कार्यलयमा सेवाग्राहीलाई कामकालागि कोठा कोठा चहार्न नपर्ने र नपाउने "एकद्वार निती" तत्काल लागू गर्ने | **३ महिना भित्र** | |
| ९ | अनुसन्धानमा आधारित भएर आवश्यकता अनुसारको विकास परियोजनाका प्राथमिकता निर्धारण गर्ने | ३ महिना भित्र | |
| १० | प्राथामिकता तोकेर परिचयपत्र वितरण गर्ने | ३ महिना भित्र | |
| ११ | सक्षम पोखरा परियोजनाको कार्यविधि बनाउने<br><br>आमा समूहहरुलाई "एक समूह एक उत्पादन" कार्यक्रम सञ्चालन गर्ने | ६ महिना भित्र | |

| क.स | क्रियाकलाप /योजना | कहिले | जिम्मेवारी |
|---|---|---|---|
| **१२** | परियोजना धितोमा युवा व्यवसायीलाई १० लाख सम्म स्टार्ट अप को लागि ऋृण लगानी गर्ने | ६ महिना भित्र | |
| **१३** | अति विपन्नलाई निःशुल्क स्वास्थ्य विमा | ६ महिना भित्र | |
| **१४** | कृषि उत्पादनमा समर्थन मुल्य कायम गरी महानगरले न्युनतम मुल्यमा खरिद गर्ने व्यवस्था गर्ने | ६ महिना भित्र | |
| **१५** | घरवस्ती वरपर रहेका पाटी, पौवा, कुवा, ढुगेंधारा, वरपिपल चौतारी लगायतका सम्पदाको संरक्षण गर्न विशेष प्याकेज ल्याउने | ६ महिना भित्र | |
| **१६** | महानगरमा कार्यरत विदेशी नागरिकलाई अनिवार्य वर्क परमिटको व्यवस्था गरी करको दायरमा ल्याउने | ६ महिना भित्र | |
| **१७** | महानगरको पहलमा विजनेस ईन्क् युवेशन ल्याव खोल्ने | ६ महिना भित्र | |
| **१८** | Waste Bank मार्फत फोहोर खरिद गर्ने प्रणाली शुरु गर्ने | ६ महिना भित्र | |
| **१९** | महानगरभित्र मेट्रिक ठेगाना प्रणाली लागू गर्ने | ६ महिना भित्र | |
| **२०** | 'School to work' कार्यक्रम सञ्चालन गर्ने | ६ महिना भित्र | |
| **२१** | एक घर एक वगैंचा कार्यक्रम सञ्चालन | ६ महिना | |
| **२२** | महानगरीय स्वंयसेवक शिक्षक को दरखास्त आव्हान | **एक शैक्षिक सत्र भित्र** | |
| **२३** | **ज्येष्ठ नागरिक स्याहार केन्द्र स्थापना** | १ वर्षभित्र | |
| **२४** | निःशुल्क विद्यालय शिक्षाको कार्यान्वयन | **१ वर्षभित्र** | |
| **२५** | पोखराका प्रसिद्ध तालहरुबाट नेपालका रारा लगायतका प्रमुख तालहरुमा **इन्टरलेक एअर कनेक्सन** गर्ने | १ वर्ष भित्र | |

**आदरणीय महानगरबासी मतदाता,**

उत्तेजनाको राजनिति गर्ने, खोक्रो राष्ट्रबादी, अतिवादी एजेण्डा भएको, हावामा महल बनाउने र विकास र समुन्नति कागजमै सिमित गर्ने केपी ओली नेतृत्वको सरकारले चाहे पोखरा महानगरमा होस् वा केन्द्रमा कहिं पनि जनताको जनअपेक्षाअनुसार कार्य गर्न सकेन यो कुरा जगजाहेर छ । नेपालकै ठुलो महानगरपालिका,गण्डकी प्रदेशको पर्यटकिय राजधानीको रुपमा परिचित पोखरालाई समुन्नत, आधुनिक सुबिधा सहितको अन्तराष्ट्रीय स्तरको शहरको रुपमा बिकास गर्नका लागि गठबन्धनको नेतृत्व आवस्यक भएको र हामी काममा बिश्वास गर्ने, नियम कानुन, निति, सिद्धान्त र कार्ययोजना वमोजिम कर्म क्षेत्रमा लाग्ने प्रतिबद्धता सहित निर्वाचनमा आएका छौं । सुशासन लगायत जनताका आधारभूत आवस्यकतालाई केन्द्र बिन्दुमा राखेर काम गर्ने अठोट गर्दै एकपटक पोखरा महानगरपालिकामा हामीले नेतृत्व लिदैं गर्दा **समुन्नत पोखराको आधार : सवल अर्थतन्त्र र पूर्वाधार** को नारालाई सफलिभूत पार्न हामीले तय गरेका समुन्नतिका प्रस्थान विन्दु, क्षेत्रगत योजना, प्रतिवद्धता र कार्ययोजनलाई मूलमन्त्र लिएर कार्य गर्ने प्रतिज्ञा गर्दछौं । आगामी वैशाख ३० गते हुन गईरहेको पोखरा महानगरको निर्वाचनमा यहांहरुको विवेकपूर्ण फैसलाको अपेक्षा साथ गठबन्धनका साझा उम्मेदवारहरुलाई अत्यधिक बहुमतले विजयी गराईदिनुहुन सम्पूर्ण महानगरवासी आमावुवा, दिदीवहिनी तथा दाजुभाईहरुमा हार्दिक अपिल गर्दछौं ।

**निर्वाचन प्रचार प्रसार समिति**

**पाँच दलिय गठबन्धन**

**पोखरा महानगरपालिका**